**नेपाल सरकार**

**वन तथा वातावरण मन्त्रालय**

## वन तथा भू संरक्षण विभाग

## संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र

**कुलेखानी, मकवानपुर**

# प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०६/०५)**

यस केन्द्रको चालू आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम तर्फ सम्वृद्धिका लागि वन अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रम यस केन्द्र मार्फत संचालन गर्न ईच्छुक समूहबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तोकिए बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी सिलबन्दी प्रस्ताव संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी, मकवानपुरमा पेश गर्नुहन सूचित गरिन्छ। साथै रीत नपुगी दर्ता भएका प्रस्तावहरु छनौटको प्रक्रियामा समावेश गरिने छैन।

**तपसिल**

| सि.नं | कार्यक्रमको नाम | एकाई | संख्या | रकम रु. (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | कृषि वन प्रवर्धन कार्यक्रम | ५ हेक्टर | २ | ४.८ प्रति हेक्टर | |

**प्रस्तावना साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :**

- लिखित निवेदन सहित समूह दर्ता प्रमाण पत्रको प्रतिलिपि समूहको निर्णय, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपिका साथै स्थानीय तहको सिफारिस पत्र।
- प्रस्तावित जग्गाको नापि नक्सा सहितको जग्गाधनी प्रमाण पत्रका प्रतिलिपिहरु
- कृषि वन कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न गर्ने प्रस्तावना (विस्तृत क्रियाकलाप सहितको योजना)
- उपयुक्त कृषि वन प्रणाली (कृषि/बागवानी र वन पद्धति)

**प्रस्तावित कार्यक्रमका आधारहरु :**

- प्रस्तावित कषि वन कार्यक्रम वन, फलफुल, गैह्रकाष्ठ वन पैदावर तथा डालेघाँस प्रजाति रोपण तथा प्रवर्धनमा आधारित हुनु पर्नेछ।
- बिरुवा प्रजाति छनौट गर्दा गुणस्तरिय, बहुवर्षिय, बहुउपयोगी, छिटो हुर्कने तथा स्थानीय हावापानीमा सजिलै हुर्कन सक्ने प्रजातिलाई प्राथमिकता दिई खरिद गर्नुपर्ने छ।
- कषि वन कार्य सञ्चलनका लागि विरुवाको प्रजाति हेरी बहुवर्षिय तथा २ फिट अग्लो (प्रजातिको उचाई अनुसार) विरुवा रोपण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।
- कृषि वन कार्यक्रम अन्तर्गत वृक्षारोपण गर्दा कम्तिमा ३० प्रतिशत फलफूल प्रजातिका विरुवा तथा बाँकी रुख, गैह्रकाष्ठ वन पैदावर तथा डालेघाँस प्रजातिका विरुवा रोपण गर्नु पर्नेछ।
- प्रस्तावित स्थानमा बिरुवा रोपण सम्बन्धी नक्शा, क्षेत्रफल, रोपिएको प्रजाति अनुसारको विरुवा संख्या, तस्वीर सहितको होर्डिङ्ग बोर्ड राख्ने व्यवस्था गर्नु पर्नेछ।
- कृषि वन कार्य सञ्चालन क्षेत्रको संरक्षणको कार्य सम्बन्धित लाभग्राही किसान/व्यक्ति वा समूहको हुनेछ।
- कृषि वन संचालन क्षेत्रका संरक्षण कार्य बाहेक अन्य कार्यमा कम्तिमा १०५ लाभग्रहीको लागत साझेदारीमा गर्नुपर्नेछ।
- कृषि वन कार्यक्रम कार्यान्वयनको लागि एकल व्यक्ति वा एक भन्दा वढी व्यक्तिको सिमा जोडिएको एक ठाउँमा रहेको जग्गा मिलाएर कम्तिमा ५ हेक्टर वा समूहको एकै ठाउँमा रहेको कम्तिमा ५ हेक्टर क्षेत्रफलको एउटा क्षेत्र हुनुपर्नेछ।

थप जानकारीका लागि : ९८४५२८७७६५ (nikeshkathayat@gmail.com)